


**निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :**

विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि बिकास मन्त्रालय, कृषि विभाग, कृषि ब्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय
नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र
उपभोक्ता हित संरक्षण मञ्च

WFP
wfp.org
FNCCI

## मुख्य बुँदाहरु

- ***हालै वर्षे बाली भित्र्याइएको र यातायात सेवा सूचारु रुपमा सञ्चालनमा भइरहेको हुनाले देशभर विभिन्न बजारहरुमा अनुगमन गरिएका खाद्य बस्तुहरुको मूल्य कार्तिक महिनामा सापेक्षिक रुपमा स्थिर रह्यो ।***
- ***नेपाल राष्ट्र बैंक द्वारा २०६९ असोजमा प्रकाशित प्रतिवेदनका अनुसार वार्षिक मूल्य स्फीति १०.५ प्रतिशतमा कायम रह्यो र खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष यही समयको ९.६ प्रतिशतको तुलनामा ९.१ प्रतिशतले बृद्धि भयो ।***
- ***पहाडी तथा हिमाली क्षेत्रमा सडक तथा गोरेटोहरुको पहुँचमा बृद्धि भई देशभर आपूर्ति अवस्था हाल सम्म सामान्य रहेको छ ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि बिकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमद्वारा नियमित रुपमा अनुगमन गरिने देशभरका खुद्रा बजारहरुमा खाद्य बस्तुहरुको मूल्य गत एक महिनामा सापेक्षिक रुपमा स्थिर रहयो । मोटा चामलको मूल्यमा ०.१ प्रतिशतका दरले न्यूनरुपमा कमी आई प्रति किलो रु. ३५.४ भयो भने गहुँको पिठो को मूल्यमा ०.७ प्रतिशतका दरले न्यूनरुपमा बृद्धि भई प्रति किलो रु. ३७.८ भयो । मास र मुसुरो जस्ता दालहरुको मूल्य क्रमश: ०.६ प्रतिशत र २.२ प्रतिशतका दरले घट्यो । यसैगरी, गत महिनामा रातो आलु र भटमासको तेलको मूल्यमा क्रमश: २.८ र १.९ प्रतिशतका दरले न्यूनरुपमा कमी आयो । २०६९ भाद्रको तुलनामा मूल्यहरुले मिश्रित प्रवृति (trend) देखाए भने गत वर्ष यही समयको तुलनामा प्राय खाद्य बस्तुहरुको मूल्यले बढ्दो प्रवृति संकेत गरे ।

क्षेत्रीय बजारहरुको हकमा, तराईका बजारहरुमा मोटा चामलको मूल्य घट्यो भने मुख्य उपभोक्ता बजारहरु र सडक पहुँच भएका पहाडी तथा हिमाली बजारहरुमा यसको मूल्य स्थिर रह्यो । धान जस्ता वर्षे बालीहरु भित्र्याउने काम लगभग सकिएको हुनाले तराईका धान उत्पादन गर्ने प्राय जिल्लाहरुमा मोटा चामलको मूल्य घट्यो ।

उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा २०६९ कार्तिकमा थोक मूल्यहरुले घट्दो प्रवृति देखाए । उदाहरणका लागि, गत एक महिनामा मोटा चामलको मूल्य ७.४ प्रतिशतका दरले घट्यो । कालीमाटी फलफूल तथा तरकारी बजारमा गत एक महिनामा करेला, प्याज र फर्सी जस्ता मौसम नभएका तरकारीहरुको मूल्यले बढ्दो प्रवृति देखाए भने बन्दा, काउली, पालुङ्गो, गाँजर, रायो र सुन्तला जस्ता मौसम भएका तरकारी र फलफूलहरुको मूल्यले घट्दो प्रवृति देखाए ।

नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित पछिल्लो प्रतिवेदन अनुसार, गत वर्षको ८.९ प्रतिशतको तुलनामा २०६९ आश्विनमा वार्षिक मूल्य स्फीति १०.५ प्रतिशतमा कायम रहयो भने खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष यही समयको ९.६ प्रतिशत बृद्धिको तुलनामा ९.१ प्रतिशतले बृद्धि भयो । अन्नहरुको मूल्य सूचकाङ्क गत वर्ष यही समयको १.८ प्रतिशत बृद्धिको तुलनामा ५.३ प्रतिशतले बृद्धि भयो भने यातायातको मूल्य सूचकाङ्क निरन्तर रुपमा बृद्धि भई गत वर्ष यही समयको १३.३ प्रतिशत बृद्धिको तुलनामा १५.१ प्रतिशतका दरले बृद्धि भयो ।

### आपूर्ति

कुनै पनि किसिमको मुख्य अवरोधहरु बिना यातायात सेवा सुचारु अवस्थामा सञ्चालनमा आएको हुनाले देशभर खाद्यान्न आपूर्ति अवस्था सामान्य रहेको छ । जसले पहाडी तथा हिमाली जिल्लाहरुमा खाद्यान्न आपूर्तिमा बृद्धि गराएको छ । यद्यपि, हालैको हिमपातका कारण मुस्ताङ र मनाङ्ग जस्ता हिमाली जिल्लाहरुमा यातायात सेवामा अवरोध आउने अनुमान छ जसले यी बजारहरुमा खाद्य आपूर्तिमा बाधा पुऱ्याउने अनुमान छ । यसलाई निकटबाट अनुगमन गर्न जरुरी छ ।

### पूर्वानुमान

आउँदो महिनामा धान र मौसमी तरकारीहरु (काउली, बन्दा र भेन्टा) जस्ता हालै भित्र्याइएका वर्षे बालीहरुको मूल्य घट्ने अनुमान छ । यद्यपि, आउँदो बाली नभित्र्याए सम्म गहुँको पिठो र अन्य मौसम नभएका तरकारीहरुको उच्च मूल्य कायमै रहने अनुमान छ ।

गत वर्षको तुलनामा २०६९ को वर्षे बालीको प्रारम्भिक पूर्वानुमानले धान र मकै को उत्पादनमा क्रमश: ११.३ र ८.३ प्रतिशतले ह्रास आउने अनुमान छ । गत वर्षको तुनामा समग्र खाद्य उपब्धतामा कमी आउने हुनाले खाद्य बस्तुहरुको मूल्य बृद्धि हुने अनुमान छ, अत: यसले मुख्यत पहाडी तथा हिमाली जिल्लाहरुमा खाद्य सुरक्षा अवस्थामा आघात पुऱ्याउने अनुमान छ ।

**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/केजि, लि | परिवर्तन १ महिना (%) | अवलोकन |
|---|---|---|---|
| सुन्तला र स्याउ | विभिन्न | -(>२०) | हाल यी फलफुलहरुको मौसम भएकोले आपूर्तिमा बृद्धि भएको |
| लसुन, अदुवा र फर्सी | विभिन्न | >९ | हाल मौसम नभएकाले आपूर्तिमा कमी आएको साथै बजारमा माग बढेको । |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

† मूल्यहरु २०६९ कार्तिक महिनाको मूल्य सँग सम्बन्धित छन् ।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन् ।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३६.० | ०.० | -१०.० | २.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३४.० | ०.० | -२.९ | -२.९ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४५.० | १.४ | ३.६ | १७.९ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २५०.० | -९.१ | -२.० | ६.४ | ▼ | ▶ | ▶ |
| | तोरीको तेल | १९३.० | ०.० | १.६ | ४५.१ | ▶ | ▶ | ▲ |
| | मास | ११३.० | ०.० | ७.६ | ७.६ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०३.० | ०.० | ०.० | ३३.८ | ▶ | ▶ | ▲ |
| | आलु | ४६.० | १५.० | ३५.३ | ७.० | ▲ | ▲ | ▶ |
| पोखरा | मोटा चामल | ४५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | -२.८ | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | -३.२ | -५.१ | २५.० | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २८०.० | -१३.६ | -९.७ | १३.८ | ▼ | ▶ | ▶ |
| | तोरीको तेल | १८५.० | २.८ | ३.९ | २७.६ | ▶ | ▶ | ▲ |
| | मास | १२०.० | ४.३ | १.७ | ४.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ९७.० | -११.८ | -४.० | ७.८ | ▼ | ▶ | ▶ |
| | आलु | ५०.० | ०.० | ११.१ | ७७.३ | ▶ | ▲ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| विराटनगर | मोटा चामल | ३०.० | ०.० | -२.२ | -९.१ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३०.० | -३.२ | ७.१ | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | -३.४ | -१.२ | १२.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २००.० | -२३.१ | -२५.५ | -१६.७ | ▼ | ▼ | ▼ |
| | तोरीको तेल | १८०.० | -२.७ | २.९ | २८.६ | ▶ | ▶ | ▲ |
| | मास | १००.० | ०.० | ११.१ | ०.० | ▶ | ▲ | ▶ |
| | मुसुरो | १००.० | ५.३ | १७.६ | ३३.३ | ▲ | ▲ | ▲ |
| | आलु | ४१.७ | १९.१ | १५.८ | १९.१ | ▲ | ▲ | ▲ |
| विरगंज | मोटा चामल | ३३.० | -५.७ | -५.७ | ६.५ | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ३८.० | २६.७ | ३१.० | २६.७ | ▲ | ▲ | ▲ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | १५.४ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २६०.० | ०.० | ०.० | ८.३ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | २८.६ | ▶ | ▶ | ▲ |
| | मास | १००.० | ५.३ | ४.२ | ८.७ | ▲ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | १८.३ | ४६.७ | ▶ | ▲ | ▲ |
| | आलु | ४०.० | ३३.३ | ३३.३ | ११.१ | ▲ | ▲ | ▶ |
| नेपालगंज | मोटा चामल | २९.० | -३.३ | -३.३ | -३.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३०.० | -६.३ | -६.३ | २३.३ | ▼ | ▶ | ▲ |
| | भटमासको तेल | ११५.० | -१७.९ | -१७.९ | -१.४ | ▼ | ▼ | ▶ |
| | कुखुराको मासु | २००.० | -२८.६ | -२८.६ | -२०.० | ▼ | ▼ | ▼ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | २४.१ | ▶ | ▶ | ▲ |
| | मास | ७०.० | -२२.२ | -२२.२ | -१७.६ | ▼ | ▼ | ▼ |
| | मुसुरो | ७०.० | -२२.२ | -२२.२ | ०.० | ▼ | ▼ | ▶ |
| | आलु | २५.० | -१६.७ | -१६.७ | -१६.७ | ▼ | ▼ | ▼ |
| धनगढी | मोटा चामल | ३३.४ | ४.४ | १९.३ | -४.६ | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | ३२.६ | १.९ | १३.२ | ८.७ | ▶ | ▲ | ▶ |
| | भटमासको तेल | १२७.० | ४.१ | ५.८ | २७.० | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २५०.० | ०.० | २.९ | २.५ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १६८.० | ६.३ | -४.० | २४.४ | ▲ | ▶ | ▲ |
| | मास | १३२.० | -२.८ | ३.९ | १.५ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ४.८ | २२.५ | ११.१ | ▶ | ▲ | ▶ |
| | आलु | २५.० | -२८.६ | -४२.९ | -१६.७ | ▼ | ▼ | ▼ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

▶ सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | २५.० | -१३.८ | -१६.७ | -३०.८ | ▼ | ▼ | ▼ |
| | गहुँको पिठो | ३५.० | ०.० | २९.६ | -२.८ | ▶ | ▲ | ▶ |
| | भटमासको तेल | १५०.० | ३.४ | ०.० | ६६.७ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २६०.० | ०.० | ८.३ | ८.३ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १९०.० | -२.६ | ५.६ | २६.७ | ▶ | ▶ | ▲ |
| | मास | ११५.० | -४.२ | २५.० | ४.५ | ▶ | ▲ | ▶ |
| | मुसुरो | ९५.० | -५.० | -९.५ | ५.६ | ▶ | ▶ | ▶ |
| | आलु | २२.० | -२६.७ | -२१.४ | ४६.७ | ▼ | ▼ | ▲ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ३३.० | ०.० | ६.५ | ६.५ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | ९.४ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ३.४ | २०.० | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २८०.० | ०.० | ७.७ | -६.७ | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११५.० | ०.० | ४.५ | ३५.३ | ▶ | ▶ | ▲ |
| | आलु | ४३.० | ०.० | २२.९ | ७.५ | ▶ | ▲ | ▶ |
| रोल्पा | मोटा चामल | | | | | | | |
| | गहुँको पिठो | | | | | | | |
| | भटमासको तेल | | | | | | | |
| | कुखुराको मासु | | | | | | | |
| | मास | | | | | | | |
| | मुसुरो | | | | | | | |
| | आलु | | | | | | | |
| सांफेबगर | मोटा चामल | ३५.० | ०.० | -२.८ | -७.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | -१२.५ | ०.० | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | ३००.० | ०.० | -१४.३ | ७.१ | ▶ | ▼ | ▶ |
| | कुखुराको मासु | १७०.० | -५.६ | -५.६ | २१.४ | ▼ | ▶ | ▲ |
| | मास | १३०.० | ८.३ | ०.० | ८.३ | ▲ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | -८.३ | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३९.० | -२२.० | -२.५ | -२.५ | ▼ | ▶ | ▶ |
| जुम्ला | मोटा चामल | ५०.० | ०.० | ११.१ | ११.१ | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | ७०.० | ०.० | १६.७ | १६.७ | ▶ | ▲ | ▲ |
| | भटमासको तेल | १८०.० | ०.० | ०.० | २८.६ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | ३५०.० | - | - | ९.४ | - | - | ▶ |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | १००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | ०.० | -२५.० | -१४.३ | ▶ | ▼ | ▶ |
| बाजुरा | मोटा चामल | ४०.० | ०.० | -११.१ | २९.० | ▶ | ▼ | ▲ |
| | गहुँको पिठो | ३६.० | -१८.२ | -१०.० | -५.३ | ▼ | ▶ | ▶ |
| | सीमी | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | २५.० | -१६.७ | -१६.७ | -१६.७ | ▼ | ▼ | ▼ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २३०.० | ०.० | ४.५ | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | ३००.० | ०.० | ७.१ | ७.१ | ▶ | ▶ | ▶ |
| | सीमी | ११०.० | -८.३ | -८.३ | १०.० | ▼ | ▶ | ▶ |
| | मास | २१०.० | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ४०.० | -२०.० | -३३.३ | ३३.३ | ▼ | ▼ | ▲ |
| डोल्पा | मोटा चामल | ११०.० | ०.० | १०.० | १०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | १३०.० | ०.० | -७.१ | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २४०.० | ०.० | १४.३ | ४.३ | ▶ | ▲ | ▶ |
| | सीमी | २००.० | ०.० | -१३.० | ०.० | ▶ | ▼ | ▶ |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | २००.० | -४.८ | -४.८ | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | -१४.३ | -४०.० | -२५.० | ▼ | ▼ | ▼ |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्धारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ । थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ । यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन ।